**गढीमाई नगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको आर्थिक ऐन-२०८३**

प्रस्तावना:- गढीमाई नगरपालिकाको आर्थिक वर्ष २०८३/०८४ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्न, कर छुट दिन तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम गढिमाई नगर सभाले यो ऐन बनाएको छ ।

संक्षिप्त नाम र प्रारम्भ: (१) यस ऐनको नाम "आर्थिक ऐन, २०८३ रहेको छ ।

(२) यो ऐन २०८३।०४।०१ गते देखि गढीमाई नगरपालिका क्षेत्रमा लागू हुनेछ ।

(३) यस नगरपालिका क्षेत्र भित्र एकिकृत सम्पत्ति कर क्रमश: कार्यन्वयनमा ल्याइने छ ।

(४) यस नगरपालिका क्षेत्र भित्र अनुसूचि (१) बमोजिम भूमिकर (मालपोत) लगाइने र असूल उपर गरिनेछ।

(५) यस नगरपालिका क्षेत्र भित्र अनुसूचि (२) बमोजिम घर/भवन वहाल कर लगाइने र असूल उपर गरिनेछ।

(६) यस नगरपालिका क्षेत्र भित्र अनुसूचि (३) बमोजिम सवारी साधन कर लगाइने र असूल उपर गरिनेछ।

(७) यस नगरपालिका क्षेत्र भित्र अनुसूचि (४) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ।

(८) यस नगरपालिका क्षेत्र भित्र अनुसूचि (५) बमोजिम मनोरंजन कर लगाइने र असूल उपर गरिनेछ।

(९) यस नगरपालिका क्षेत्र भित्र अनुसूचि (६) बमोजिम वहाल विटोरी कर लगाइने र असूल उपर गरिनेछ।

(१०) यस नगरपालिका क्षेत्र भित्र अनुसूचि (७) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ।

(११) यस नगरपालिका क्षेत्र भित्र अनुसूचि (८) बमोजिम सिफारिस शुल्क र मूल्यांकन दस्तुर लगाइने र असूल उपर गरिनेछ।

(१२) घरवहाल कर नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आशिक तवरले बहालमा दिएकोमा अनुसूचि (२) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

(१३) सेवा शुल्क, दस्तुर नगरपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

(१४) यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिइने छैन ।

(१५) कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि नगरपालिकाले तोके अनुसार हुने छ ।

(१६) आन्त्रिक उपकरण प्रति महिनाको नगदी रसिदको हर हिसाव प्रत्येक महिनाको २ गते राजश्व परामर्श समितिले लिनेछ ।

## अनुसूची - १

### भूमिकर/मालपोत

| क्र.स. | शिर्षक | करको दर (रु) (वार्षिक) |
|---|---|---|
| १ | भुमिकर/मालपोत ( प्रति कठा ) | १० |

## अनुसूची - २

### घर/भवन वहाल कर

| क्र.स. | शिर्षक | करको दर (रु) (वार्षिक) |
|---|---|---|
| १ | घर वहाल रकममा (घरधनीवाट) | १० प्रतिशत |

## अनुसूची - ३

### सवारी साधन कर

| क्र.स. | शिर्षक | करको दर (रु) (वार्षिक) |
|---|---|---|
| १ | बस, ट्रक लहरी र अन्य हेभी गाडी | १,००० |
| २ | भाडाको मिनिवस तथा माइक्रो बस | ५०० |
| ३ | भाडाका कार, जीप | ३०० |
| ४ | भाडाको टेम्पु | ५० |

## अनुसूची - ४

### विज्ञापन कर

| क्र.स. | शिर्षक | करको दर (रु) (वार्षिक) |
|---|---|---|
| १ | विज्ञापन सामग्री २५ व.फि. सम्म | १,००० |
| २ | विज्ञापन सामग्री २५ व.फिट भन्दा बढी प्रति वं. फि. | ४० |
| ३ | साना किसीमका प्रचारका बोर्ड ४ व. फि. सम्म | ३०० |

## अनुसूची - ५

### मनोरंजन कर

| क्र.स. | शिर्षक | करको दर (रु) |
|---|---|---|
| १ | सिनेमा हल, सांस्कृतिक प्रदर्शन हल आदिमा प्रवेश शुल्क (टिकट विक्रीमा) | ५ प्रतिशत |
| २ | जादु,सर्कस, चटक प्रतिदिन | ५०० |
| ३ | व्यवसायिक भिडियो कर (प्रतिभिडियो ) | ५०० |

## अनुसूची - ६

### वहाल विटोरी कर

(वार्षिक)

| क्र.स. | शिर्षक | करको दर (रु)(वार्षिक) |
|---|---|---|
| १ | प्रति कठा (जमिनको हकमा) | २,५०० |
| २ | प्रति स्कायर फिट (संरचनाको हकमा) | १२० |

# अनुसूची - ७

## व्यवसाय कर

| क्र.स. | शिर्षक | करको दर (रु)(वार्षिक) |
|---|---|---|
| १ | क्रसर उधोग स्थापना तथा नविकरण | १५००० |
| २ | मदिरा विक्रि कक्ष संचालन तथा नविकरण | ५००० |
| ३ | सुर्तिजन्य पदार्थ विक्री एंव वितरण संचालन तथा नविकरण | ४००० |
| ४ | ग्रिल कारखाना संचालन तथा नविकरण | ३००० |
| ५ | इट्टा भट्टा संचालन तथा नविकरण | ७००० |
| ६ | खाद्यान्न सहितका ठुला किराना पसल | ३००० |
| ७ | सुपर मार्केट तथा मार्ट | ४००० |
| ८ | काष्ठ उधोग, कारखाना तथा चिरान मिल | ४००० |

रुना

रेश्मा

उषा

# अनुसूची - ८
## सिफारिस शुल्क तथा मुल्यांकन दस्तुर

| क्र.स. | विवरण | दर (रु) |
|---|---|---|
| १ | नागरिकता सिफारिस दस्तुर | ५० |
| २ | अंगिकृत नागरिकता सिफारिस दस्तुर | १०० |
| ३ | नागरिकता फाराम शुल्क | १० |
| ४ | सामान्य सिफारिस दस्तुर | ५० |
| ५ | नाम, थर संशोधन सिफारिस दस्तुर | ५० |
| ६ | प्रतिलिपि दस्तुर (एफोर वा सो भन्दा सानो साइजमा) | २० |
| ७ | प्रतिलिपि दस्तुर एफोर साइजमा जस्तै: गुरुयोजना नक्सा | १०० |
| ८ | नगरपालिका बाट दिइने सुचना दस्तुर (प्रति पेज) | ५ |
| ९ | राहदानी सिफारिस दस्तुर | २०० |
| १० | खानेपानी, विद्युत, टेलिफोन जडान र नामसारी सिफारिस दस्तुर | १०० |
| ११ | चार किल्ला प्रमाणित सिफारिस दस्तुर | १५० |
| १२ | कम्प्युटर अंग्रेजी टाइप सिफारिस दस्तुर | १०० |
| १३ | पेन्सनपट्टा सिफारिस दस्तुर (स्वदेशी संस्थामा) | २०० |
| १४ | पेन्सनपट्टा सिफारिस दस्तुर (विदेशी संस्थामा) | २०० |
| १५ | औद्योगिक प्रयोजनको लागि सर्जमिन दस्तुर (घरेलु कार्यालयलाई सिफारिस गर्दा) | १००० |
| १६ | अस्थायी ठेगाना प्रमाणित दस्तुर | १०० |
| १७ | मिलापत्र दस्तुर दुवै पक्षबाट | ५०० |
| १८ | छुट जग्गा दर्ता सिफारिस दस्तुर (प्रति कठ्ठा) | १०० |
| १९ | अव्यवीस्थत र सुकुम्वासी जग्गा दर्ता सिफारिस दस्तुर | २०० |
| २० | सम्बन्ध विच्छेद सिफारिस दस्तुर | ५०० |
| २१ | राजिनामा/वकसपत्र सिफारिस दस्तुर | ५०० |
| २२ | जग्गा नामसारी सिफारिस दस्तुर | ५०० |
| २३ | जग्गा सिमा विवादमा अमिन खटाई जग्गा नापजाँच दस्तुर | ५०० |
| २४ | नेपाल सरकारबाट इजाजत प्राप्त (क) श्रेणीको ठेक्का व्यवसाय नविकरण दस्तुर | ७,००० |
| २५ | नेपाल सरकारबाट इजाजत प्राप्त (ख) श्रेणीको ठेक्का व्यवसाय नविकरण दस्तुर | ७,००० |

| | | |
|---|---|---|
| २६ | नेपाल सरकारबाट इजाजत प्राप्त (ग) श्रेणीको ठेक्का व्यवसाय नविकरण दस्तुर | ७,००० |
| २७ | नेपाल सरकारबाट इजाजत प्राप्त (घ) श्रेणीको ठेक्का व्यवसाय नविकरण दस्तुर | ७,००० |
| २८ | नेपाल राष्ट्र बैंकबाट ईजाजतपत्र प्राप्त लघुवित्त वित्तीय संस्थाहरु नविकरण दस्तुर | ७,००० |
| २९ | नयाँ सहकारी संस्था दर्ता सिफारिस दस्तुर | २,५०० |
| ३० | सहकारी संस्था नविकर दस्तुर | १,५०० |
| ३१ | नयाँ सहकारी समूह दर्ता सिफारिस दस्तुर | १,५०० |
| ३२ | सहकारी समूह नविकरण सिफारिस दस्तुर | १,००० |
| ३३ | संस्था सूचिकृत दस्तुर | १,००० |
| ३४ | आय स्रोत प्रमाणित सिफारिस दस्तुर (मूल्यांकन रकममा) | ०.१०% |
| ३५ | व्यक्तिगत घटना दर्ता दस्तुर(जन्म,मृत्यु, बसाई सराई आदि) ३५ दिनसम्म नि:शुल्क त्यसपछि | २०० |
| ३६ | व्यक्तिगत घटना दर्ता प्रमाणित दस्तुर | २०० |
| ३७ | उद्योग स्थापना सिफारिस दस्तुर | ७०० |
| ३८ | उद्योग नामसारी तथा ठाउँसारी सिफारिस दस्तुर | १५०० |
| ३९ | पशु बस्तु र पंक्षी (रांगा,भैंसी,गोरु खसीको निकासी) सिफारिस दस्तुर (प्रति गोटा) | १०० |
| ४० | गैर सरकारी संघ संस्था क्लव कम्प्युटर इन्स्टिच्युट आदिको सिफारिस दस्तुर | ५०० |
| ४१ | लोडर भाडा शुल्क प्रति घण्टा (फयुल बाहेक ) | १,३०० |
| ४२ | टिपर भाडा शुल्क प्रति घण्टा (फयुल बाहेक ) | १,५०० |
| ४३ | घर नक्सा नामसारी दस्तुर | २०० |
| ४४ | नगरपालिका हल भाडा शुल्क (नगरपालिकाको जेनेटर प्रयोग गर्नु पर्दा इन्धनको मुल्य आफैं व्यहोर्नु पर्ने छ। | १,००० |

CamScanner